*नमूना*

# नवदुर्गा गाउँपालिकाको प्रशासकीय कार्यविधि

## (नियमित गर्ने) ऐन, २०७४

प्रमाणिकरण मिति :२०७५/२/८

नवदुर्गा गाउँपालिकाको कार्यालय

मणिलेक डडेल्धुरा ।

<u>प्रस्तावना:</u>नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमस्थानीय तहलाई तोकिएकोअधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम नवदुर्गा गाउँपालिकाको सभाले यो ऐन बनाएको छ।

१.<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u> :(१) यो ऐनको नाम नवदुर्गागाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ।

(२) यो ऐन नवदुर्गा गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. <u>परिभाषा</u> : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले नवदुर्गा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले नवदुर्गा गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँपालिका"भन्नाले नवदुर्गा गाउँपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।

( ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

३. <u>नियम बनाउने अधिकार</u> : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी

निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त नवदुर्गा गाउँसभावाट गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही नवदुर्गा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।